जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४१ अंक ३३ २०७९ साल चैत १९ गते आइतवार (2 Apr 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – पृष्ठ २ मा : पुरुष र किशोरी झुण्डिएको अवस्थामा ... पृष्ठ ३ मा : हारेर पनि जितेको ... पृष्ठ ४ मा : तपाईले लगाएको कोरोना ... पृष्ठ ५ मा : स्थापना दिवसमा ...

## बिमा रकमका लागि श्रीमतीद्वारा श्रीमानको हत्या




**राजविराज**/बिमाको रकमका लागि सप्तरीमा आफ्नै श्रीमतीले श्रीमानको हत्या गरेको रहस्य खुलेको छ । कंचनपुर इलाका प्रहरी कार्यालय सप्तरीले उक्त घटना बारे खुलासा गरेको हो ।

इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दीपक कुमार रायले पत्रकार सम्मेलनमार्फत ६ महिना अघि करेन्ट लागेर मृत्यु भएको भनिएको घटनालाई अनुसन्धान गरि हत्या भएको सार्वजनिक गरेका हुन् ।

कंचनरूप नगरपालिका ३ दास टोल निवासी मृतककी श्रीमती कोसीला देवी दासले आफ्नी देउरानी र भाउजु नाता पर्ने एक अर्की महिलाको सहयोगमा पति ३७ वर्षीय शिव शंकर दासको करेन्ट लगाएर हत्या गरेको प्रहरीले जनाएको छ ।

गत कात्तिक ६ गते बिहान ६ बजेको समयमा आफ्नै घरभित्र करेन्ट लगाएर शिवशंकरको हत्या गरेको दासले प्रहरी समक्ष वयान दिएको इलाका प्रहरी कार्यालय कंचनपुर डिएसपी दीपक कुमार रायले जानकारी दिए । प्रहरीले हत्यामा संलग्न शिव शंकरकी श्रीमति कोसीला देवी, भाई बुहारी हिरण देवी र भाउजु नाता पर्ने शान्ती देवी दासलाई सोही पत्रकार सम्मेलनमा सार्वजनिक गरेको छ ।

घटनाक्रम अनुसार शिव शंकर र कोसीला देवीले छोरीको विवाह गर्न र बिमा गर्नका लागि स्थानीय भाउजु नाता पर्ने शान्ती देवी दाससँग पहिलो पटक एक लाख रुपैया ऋण लिएका थिए । सो ऋण चुक्ता नहुदैँ शान्ती देवीले कोसीलालाई कन्भिन्स गरेर शिवशंकरको जीवन बिमा गर्न लगाएका थिए । नेपाल लाइफ ईन्स्योरेन्स र सिटिजन लाईफ ईन्स्योरेन्समा २०/२० लाखको बिमा गर्न लाग्ने २ लाख प्रिमियम शुल्क समेत ऋणको रुपमा शान्तिले कोसीलालाई दिएकी थिइन् ।

विवाह र बिमा गर्न ३ लाख रुपैया दिएकी शान्तिले कौसीला र शिवशंकरलाई दैनिक रुपमा धाक धम्की र गाली गलौज गर्दै आएकी थिइन् । शान्तिले अदालतमा कपाली कागज लगाएर जग्गा जमिन समेत रोक्का गराएकी कोसीलाको ऋण तिर्न शिव शंकर र कोसीला देवीले असमर्थता देखाएका थिए । पछि शान्तीदेवीले शिव शंकरको हत्या गरे बिमा वापत ठूलो रकम आउने र सो रकमबाट ऋण पनि चुक्ता हुने र अरु रकमसमेत आउने कुर कोसीला देवीलाई सुझाव दिएकी थिइन् । सोही अनुसार शान्ती देवीले २०७९ साल कात्तिक ५ गते शिव शंकरलाई आफ्नो घरमा बोलाई अत्यधिक मादक पदार्थ सेवन गरी घरतर्फ पठाएकी थिइन् ।

मादक पदार्थले मातेर घर गएका शिव शंकर भान्सा कोठामा गएर सुतेका थिए । घरमा सुतेका बेला शान्ती देवीले आफ्ना पति शिव शंकरको बायाँ हातको साहिँली औंलामा तार बेरेर बिजुलीको लाइन दिएर करेन्ट लगाएको वयानमा बताएको डीएसपी रायले जानकारी दिए । घरमा करेन्ट लगाउने कार्यमा कोसीला देवीलाई देउरानी हिरण देवी दासले सहयोग गरेको डीएसपी रायले बताए । करेन्ट लगाएर शिवशंकरको हत्या गरेपछि कोसीला देवीले आफ्नो पतिको करेन्ट लागेर मृत्यु भएको प्रहरीमा खबर गरेको उनले बताए ।

डिएसपी रायका अनुसार कोसीलाले शिवशंकरको मृत्युपछि सिटिजन लाईफ ईन्स्योरेन्समा बिमा बापतको ४० लाख ३० हजार रकम समेत भुक्तानी लिइसकेका छन् । र, नेपाल लाइफ ईन्स्योरेन्समा गरेको बीमाको रकम समेत लिने अन्तिम तयारीमा रहेकी थिइन् ।

## जोखिम नलिएसम्म कोई पनि अगाडि बढ्न सक्दैन : सीके राउत

**राजविराज**/प्रतिनिधिसभा सदस्य डा. चन्द्रकान्त राउतले जोखिम नलिएसम्म कोई पनि अगाडि बढ्न नसक्ने बताएका छन् ।

रामनवमीको अवसरमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित राजधोव समुदायको लखाय बाबा मन्दिरको बिहीबार उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

"समाजको बिकास तब मात्र सम्भव हुनसक्छ जब, आ-आफ्नो परिवारमा जो बच्चा जे बन्न चाहन्छ, जे पढन चाहन्छ अभिभावकले पनि त्यसमै हौसला बढाउनु पर्छ ।" उनले भने, आज भोली सबैले आफ्ना छोराछोरीलाई डाक्टर, ईन्जिनियर मात्र बनाउन खोज्ने प्रबृतीले समाजको बिकास हुन नसक्दैन ।"

ईतिहासको महत्व छ, तर ईतिहास मात्र सबै होईन, उनले भने, "ईतिहास, बिगत देखाएर मात्र हुदैन, आजको समयमा हामी कति गर्न सक्छौ त्यो महत्वपुर्ण हुन जान्छ ।"

उक्त अवसरमा प्रदेश सभा सदस्य सतिश कुमार सिंह, हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख बिरेन्द्र माझी, राजधोग महासंघ नेपाल भारत केन्द्रीय अध्यक्ष बिखो माझी, जातिय मैनजन रघुराज मण्डल, मन्दिर निर्माण समिति अध्यक्ष कपलेश्वर माझी, भारदहका थानपति सहादेव मरर, नेपाल पत्रकार महासँघ सप्तरी पुर्व अध्यक्ष जितेन्द्र खडगा लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

लखाय बाबा मन्दिर उद्घाटन कार्यक्रममा नेपाल र भारतवाट राजधोव स्वजातिय संगठनहरूका मैनजन, थानपति तथा सर्वसाधरणको उल्लेख्य सहभागिता रहेको आयोजक समितिका राजकुमार गाईमले जानकारी दिए ।

*बाँकी पाँच पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

## आगलागीबाट सावधानी अपनाऔं।

निम्न कारणबाट आगलागी हुनसक्छ,

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चटयाङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### स्वास्थ्य संस्थाप्रति गम्भिर बनौं

सप्तरीका स्वास्थ्य संस्थाहरु अहिले पनि बिरामीको उपचारप्रति गम्भिर बन्न सकेको छैन् । स्वास्थ्यहरुको अवस्था लथालिंग छ । कतिपय संस्थाहरुमा कर्मचारी अभाव भने भएका कर्मचारीहरु समयमा नआउने आएपनि ढिलो गरि आउने बानी बसिसकेको छ । जसकारण बिरामीहरुको उपचारमा समयमा हुन सकिरहेको छैन् । सरकारले निशुल्क दिइने भनिएका औषधीहरु समेत ती संस्थाहरुमा नहुनुले बिरामीहरु बाध्य भई त्यस्ता औषधी बजारबाट किन्ने गरेका छन् । यसकारण सरकारी स्वास्थ्य संस्थाहरु स्थानिय स्तरमा गैरजिम्मेवार बन्दै गएको छ ।

विगतमा जिल्ला जनस्वास्थ्य कार्यालय मातहतमा संचालन हुने गरेका स्वास्थ्य संस्थाहरु अहिले स्थानिय तहको मातहतमा संचालन हुँदै आएपछि झने हेलचक्राई हुँदै गएका छन् । स्थानिय तहमा गभिएसँगै स्वास्थ्य संस्थाहरु गैरजिम्मेवार पनि भएका छन् । बिहान १० बजे कार्यालय खुल्नु पर्नेमा १२ बजेसम्म पनि खुल्दैनन् । यदी खुलेमा स्वास्थ्यकर्मीहरु १२ बजेपछि आउने परम्परा बसेको छ ।

स्वास्थ्य जस्तो संवेदनशिल संस्थामाथी सम्बन्धीत निकायले निगरानी बढाउन सकेको छैन् । यता स्थानिय तहका जनप्रतनिधिहरु पनि स्वास्थ्य संस्थालाई गम्भिरतापूवर्क लिनसकिरहेका छैनन् । तसर्थ स्वास्थ्य जस्तो संवेदनशिल संस्थामा स्थानिय पालिका तथा स्वास्थ्य कार्यालयले निगरानी बढाएर सुधारको तर्फ उन्मुख गराउनेतर्फ ध्यानाकर्षण हुनु जरुरी छ । औषधि तथा चेकजाँच गर्नेतर्फ अनुकुल र सजिलो वातावरण बनाउनेतर्फ गम्भिर बन्नु आवश्यक छ ।

# पुरुष र किशोरी झुण्डिएको अवस्थामा फेला, महिलाद्वारा विषादी सेवन गरि आत्महत्या

**राजविराज**/सप्तरीमा गत साता एक पुरुष र एक किशोरी झुण्डिएर मृत फेला परेका छन् भने एक महिलाले किरा मार्ने विषादी सेवन गरेकी छिन् ।

जिल्लाको कंचनरुप नगरपालिका ९ रुपनगर सरदार टोलका एक पुरुष पासो लगाई झुण्डिएर मृत अवस्थामा बिहीबार फेला परेका छन् ।

घरदेखी ७ सय मिटर दक्षिण रहेको सिताराम कबराको आँप बगैंचामा ५५ वर्षिय राजकुमार सरदार आँपको रुखको हाङ्गामा गलबन्दिको पासो लगाई झुण्डीएर मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । बिहान स्थानियले झुण्डीरहेको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटना बारे इलाका प्रहरी कार्यालय कंचनपुरले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै जिल्लाको विष्णुपुर गाउँपालिका ३ मुसहरनिया टोल निवासी स्थानिय राम कुमार मण्डलकी १८ वर्षिया छोरी पुजा कुमारी मण्डल झुण्डिएर मृत अवस्थामा फेला परेकी छिन् । उनी घरमा कोई नभएको अवस्थामा सुत्ने कोठाको बाँसको बलोमा कपडाको डोरीले पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानले आत्महत्या नै देखाएपनि घरमा कोही नभएको बेला आत्महत्या गरेको देखिएको तथा कारण खुल्न नसकेको प्रहरीको भनाई छ ।

यस्तै सप्तरीको बोदेबर्साईन नगरपालिकामा एक महिलाले गत शनिबार किरा मार्ने ओषधी सेवन गरि आत्महत्या गरेकी छिन् । योसँगै जिल्लामा २ महिनाको अबधिमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या १८ पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो नगरपालिका वडा नं. ८ काचन बस्ने ४५ वर्षिया कुसुमदेवी साहले चामलमा राख्ने किरा मार्ने औषधी सेवन गरी आत्महत्या गरेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार किरा मार्ने औषधी सेवन पश्चात् उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका लागि भर्ना गरिएकोमा उपचारकै क्रममा मृत्यु भएको हो ।

यसअघि मात्रै गत शनिवारै जिल्लाको विष्णुपुर गाउँपालिका ३ मुसहरु टोलमा ३२ वर्षिया ममता मरिकले झुण्डिएर आत्महत्या गरेकी छिन भने जिल्लाको खडक नगरपालिका ८ विसनपुर टोल बस्ने ७५ वर्षिय बृद्ध हजिरा मोती रहमान मियाँले तरकारी खेतीमा किरा मार्न प्रयोग गरिने सुपरकिलर नामक विषादी सेवन गरी आत्महत्याको प्रयास गरेको प्रहरीले जनाएको छ ।

जिल्लामा आत्महत्याका घटना दिनानुदिन बढ्दै गइरहेको छ । यी यस्ता घटना न्यूनिकरणका लागि प्रहरीले विभिन्न पालिकाहरुमा सचेतना अभियान चलाईरहेको छ । तर, पनि घटना रोकिनुको साटो बढ्दै गएको छ ।

चालु आर्थिक वर्ष २०७९/८० को हाल सम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८१ पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ । जिल्लामा २०७८/७९ मा झुण्डिएर, विष सेवन गरेर र आगो लगाएर १ सय ३६ जनाले ज्यान गुमाएका थिए ।

# मिटरब्याजीलाई 'फिल्ड'मै कारबाही गर्ने आयोग बनाउँछु : प्रधानमन्त्री

**काठमाडौँ**/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मिटरब्याज पीडितको समस्यालाई स्थायीरूपमा हल गर्न सरकारले काम अघि बढाएको बताउनुभएको छ । शनिबार बिहान मिटरब्याज पीडितसँग सरकारी निवास बालुवाटारमा भेट गर्दै उहाँले सामन्तवादको अवशेषका रूपमा रहेको मिटरब्याजलाई सधैँका लागि अन्त्य गर्न सरकार गम्भीर रहेको बताउनुभयो ।

मिटरब्याजको दीर्घकालीन समाधानका लागि विद्यमान कानुन अपर्याप्त भएको भन्दै प्रधानमन्त्री दाहालले कानुन निर्माणको काम अन्तिम चरणमा पुगेको बताउनुभयो । "पीडितका समस्या समाधान गर्न न्यायिक अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठनको प्रक्रियासमेत अघि बढेको छ", उहाँले बताउनुभयो ।

मिटरब्याज समस्यालाई लिएर मन्त्रिपरिषद् बैठकबाट नै एउटा उच्चस्तरीय आयोग बनाई तत्काल 'फिल्ड'मा गएर कारबाही गर्नसक्ने तथा न्यायिक अधिकार प्रयोग गर्नसक्ने आयोग बनाइने प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो । "त्यो प्रक्रिया अघि बढिसकेको छ", उहाँले भन्नुभयो, "यसअघि जस्तो आयोग बन्ने, प्रतिवेदन बुझाउने र त्यो थन्किने जस्तो होइन, यो आयोग 'र्‍यापिड एक्सन फोर्स' जस्तो गरेर जाओस्, त्यसले मान्छेलाई बोलाउने, पूर्जी काट्ने र कारबाही गर्ने खालको होस् भनेर निर्देशन दिएको छु ।"

मिटरब्याज पीडितको समस्याबारे आफू जानकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पार्टी अध्यक्षको हैसियतमा रहेका बेला समेत मिटरब्याजीमाथि कारबाहीका लागि पहल गरेको बताउनुभयो ।

"म नेकपाको अध्यक्ष हुँदा मिटरब्याज पीडितको समस्या विस्तृतमा सुनेको थिएँ । तीनवटै सुरक्षा अङ्ग र गृहमन्त्रीलाई बोलाएर मिटरब्जाजीको समस्या तुरुन्तै समाधान गर्न आग्रह गरेको थिएँ । केही मान्छे त समातिए । त्यो बेला मिटरब्याजी भागाभाग पनि भए । तर यसको दिगो समाधान भने भएन । त्यो बेला अर्कै व्यक्ति प्रधानमन्त्री हुनुहुन्थ्यो । यो पटक म प्रधानमन्त्री छु । यसको दिगो समाधानमा मेरो ध्यान छ", उहाँले भन्नुभयो ।

अहिले यो समस्या पूर्णरूपमा समाधान गर्न नसके यसले गम्भीर रूप लिने प्रधानमन्त्री दाहालको भनाइ थियो । "मिटरब्याजीलाई ऐनद्वारा नै कारबाही गर्न सकियोस्, उनीहरूमाथि मुद्दा चलाउन सकियोस् भनेर ऐन बनाउने प्रक्रिया अघि बढाइएको छ", उहाँले भन्नुभयो, "अहिले यो समस्या समाधान नभए कहिल्यै हुन्न, त्यसैले यो समस्याको दीर्घकालीन समाधान अहिल्यै गर्नुपर्छ ।"

मिटरब्याज पीडितले मार्च गर्दै राजधानी आएकामा समेत प्रधानमन्त्री दाहालले धन्यवाद दिनुभयो । "तपाईहरू यसरी पैदल हिँडेर काठमाडौँ आउनुभयो । तपाईहरूको समस्या राष्ट्रियरूपमा सुनियो । अहिले पनि हाम्रो समाजमा यस्तो शोषण बाँकी नै छ भन्ने कुरा राष्ट्रिय मात्रै होइन, अन्तर्राष्ट्रियरूपमा समेत सबैले थाहा पाए । तपाईहरूलाई धन्यवाद छ", उहाँले भन्नुभयो, "मैले जिल्लाबाट हिँडेदेखि नै तपाईंहरूका बारेमा जानकारी लिइरहेको छु । तपाईहरूलाई कहीँकतै अप्ठ्यारो नपर्न दिन गृहलाई निर्देशन पनि दिएको छु ।"

अहिले आफ्नै वर्ग र जनतासँग कुराकानी गरिरहेको अनुभूति भइरहेको भन्दै प्रधानमन्त्री दाहालले आफूले आश्वासन मात्र नदिएको स्पष्ट पार्नुभयो । "मलाई तपाईहरूसँग कुरा गर्दा आफ्नै वर्गसँग कुराकानी गरिरहेको अनुभूति भइरहेको छ । मैले आश्वासन मात्रै दिइरहेको छैन । यो समस्या हल हुन्छ । तपाईहरू आश्वस्त भएर मात्र घर फर्किनुहोला", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री दाहालसँग भेटका क्रममा पीडितहरूले उच्चस्तरीय आयोग गठन, कानुन निर्माण तथा पक्राउ पुर्जी जारी भएका र घरबार जफत भएका पीडितमाथि न्याय गर्न माग गरेका थिए ।

# कारको टायर पन्चर भएर पल्टिदा एकको मृत्यु

**राजविराज**/ पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित कंकालिनी मन्दिर र कोशि ब्यारेज सडक खण्डमा शुक्रबार बिहान टायर पन्चर भएर कार दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने दुर्घटनामा दुई जना गम्भिर घाइते भएका छन् ।

पुर्वबाट पशिचमतर्फ जाँदै गरेको बा.१९च.५५७६ नं. को कारको अगाडी भागको टायर पन्चर हुँदा अनियन्त्रि भई पल्टिदा सुनसरीको इनरुवा नगरपालिका ५ निवासी ६५ वर्षिय लिला बहादुर कार्कीको उपचारका क्रममा बिराटनगरस्थित नोबेल अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भिर घाइते हुनेहरुमा कारका चालक खोटाङको मार्फा २ बस्ने ५९ वर्षिय राजकुमार नेपाल र कारमा सवार उदयपुर जिल्लाको त्रियुगा नगरपालिका १० गाईघाट बस्ने ८३ वर्षिय योग्य बहादुर कार्की छन् ।

उनीहरुको भारदहस्थित अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि बिराटनगरस्थित नोबेल अस्पतालमा भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# हारेर पनि जितेको उम्मेदवार म...

हार सबैलाई अप्रिय नै लाग्छ । एकदम असहज पनि । तर, हार र जित त देखाइ, बुझाइ र भोगाइको फरक मात्रै रहेछ ।

जन्मेसँगै हार र जितको लुकामारी त निरन्तर जारी रहन्छ । अनि केही झल्याकझुलुक झिल्कोको उज्यालोबीच जिन्दगीले फन्को मार्छ । गत चैत ५ गते स्ववियु निर्वाचनमा यस्तै हारको औँसीमा मैले जीवनभरको जुनेली भेटेको छु अर्थात् प्रिय हार भेटेको छु ।

विश्वविद्यालय प्रवेश गर्दा आफ्नो राजनीतिक मोह जाहेर गरूँला जस्तो त रत्ति पनि लागेको थिएन । म त पढ्न आएको मान्छे । तर, कीर्तिपुरको राजनीतिक माहोलमा बेस्सरी जोडिन पुगेछु । म फर्स्ट सेमेस्टर अध्ययन गर्दैगर्दा केही सिनियर दाइहरू आएर हामीलाई करार शिक्षकको स्वतः स्थायी नियुक्तिविरुद्ध विरोध कार्यक्रम सामेल हुन भन्नुभयो । हामी पनि क्लास नै उल्टिएर भीसी भवनअगाडि एकैछिनमा पुगेका थियौँ ।

पछिल्लो दिन त्रिविको नतिजा प्रकाशनका बेथिति र अपरिपक्वता जस्ता विषयलाई लिएर परीक्षा नियन्त्रण कार्यालय बल्खुमा निकै विरोध भए । ती विरोधका सम्झनामा ताजै छन् । यी दुई घटनाबीच त्रिविका विभिन्न प्राज्ञिक कार्यक्रममा सहभागी पनि भएको छु ।

विश्वविद्यालयको गेटदेखि जियोलोजीको डिपार्टमेन्टसम्म हिँड्दै डुल्दै त्रिविलाई नजिकबाट नियाल्ने मौका पाएको छु । गेटदेखि घडी भवन हुँदै केन्द्रीय पुस्तकालयको बाटो भएर आफ्ना कक्षासम्म पुग्दा बाटोभरि असरल्ल छरिएका फोहोरको डङ्गुर देखेको छु । बाटामा विद्यार्थीको हुलमुलमा होस्टेलको पानी र अन्य समस्याका गाथा त कति हो कति ।

देशकै जेठो विश्वविद्यालयले अक्षरको रङसँग त घुलमिल गरायो तर आफ्नो आगनमा रङ्गीन फूलहरूका बास्ना चाहिँ पूरापूर छर्न सकेको रहेनछ । भएको एउटा सार्वजनिक शौचालयको दुर्गन्ध निकै वरसम्म आउँछ । सार्वजनिक खानेपानीको धाराको चाहिँ अहिले व्यवस्था गरिएको छ । व्यवस्थापन सङ्कायको भवनको प्रवेशद्वारमा ह्विल चेयरका लागि समेत मिल्ने र्याम्प पनि रहेछ । सारै अनुकरणीय । तर घडी भवन अगाडिको खुला चौरमा जान र बस्न चाहिँ खुड्किलो नै हिँड्नुपर्ने । ह्विल चेयरका लागि र्याम्प नदेख्दा मन अमिलो भयो ।

तर पनि मलाई त्रिभुवन विश्वविद्यालय निकै प्यारो लग्छ । विश्वविद्यालयसँग अनुबन्धित विद्यार्थी त छँदैछन् तर सिकाइमा रुचि राख्ने सबैलाई यसले खुला मनले अँगालेको छ । केन्द्रीय पुस्तकालय र विश्वविद्यालयको खुला बगैँचाभरि देखिने हसिला अनुहार यसैका उपज हुन् । क्रिकेट मैदानमा नेपालप्रतिको माया-मोहको साक्षी हुन पनि त्रिविकै आँगन आउनुपर्छ । साँझपख डुल्दै घुम्दै त्रिविका साना चौतारीमा सुस्ताउनेहरू मानिस पनि भेटिन्छन् । व्यायाम गर्नेहरू पनि साँझ बिहान भेटिन्छन् । क्यान्टिनहरूमा न्यूनतम शुल्कमा मीठो मीठो खाना पनि पाइन्छ ।



निश्मा भट्ट

हामी घर छोडेर यति टाढा राजधानी आइपुग्नेहरूलाई त झन् त्रिविका फाँटहरूले आत्मीयता र अपनत्व दिन्छ । कुल्चिएको माटो देख्दा, झुलेका धान अनि गाई, बाखा र गोठाले देख्दा ठ्याक्कै घरको झझल्को दिन्छ । तर यी त बाहिरी छवि भए । विश्वविद्यालयका भित्री धमिरा त अर्कै छन् ।

विश्वविद्यालयको शिक्षामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक ( एलजीबीटीक्यू) समुदायको पहुँच अझै सहज छैन । विभिन्न सङ्कायका पुस्तकालयहरू अप टु डेट छैनन्, व्यवस्थित छैनन् । कति त उपयोगमै छैनन् । विज्ञान तथा प्रविधि सङ्कायका प्रयोगात्मक पक्ष अझै कमजोर छ । विभिन्न फ्याकल्टीका विद्यार्थीहरूको साझेदारी ट्रेनिङ हुँदैन । विद्यार्थीहरू पूर्ण रूपमा खर्चका लागि अरूमा आश्रित हुनुपर्छ । आत्मनिर्भर हुने वातावरण छैन । अब पनि पढ्दै कमाउँदैको अवधारणा विश्वविद्यालयले अँगाल्न सक्दैन भने धेरै विद्यार्थी विदेशिन बाध्य हुनेछन् ।

राजनीतिक खिचातानीको असर पनि छ । समयमा भर्ना खुल्दैन, भर्ना हुनेहरूको परीक्षा र नतिजा प्रकाशन सेमेस्टर प्रणालीको मर्म अनुरूप हुँदैन । पर्याप्त छात्रवृत्ति मिल्दैन । खोज, अनुसन्धानका क्षेत्रमा लगानी कम छ । फरक क्षमता भएका विद्यार्थीलाई शिक्षामा अझ सहज वातावरण मिलाउनुपर्ने देखिन्छ । त्रिविलाई यस्तै र यावत् समस्याले जकडेको छ । यसको समाधान भनेको अविलम्ब शैक्षिक, भौतिक र पर्यावरणीय स्तरको उन्नति हो ।

त्रिविका यी पक्ष देख्दा, सुन्दा र आफैँले भोग्दा विद्यार्थीका समस्याहरूको सबै समक्ष ल्याऔँ जस्तो लाग्यो । यी समस्या उठाउने काम १४ वर्षपछि भएको स्ववियूका निर्वाचित प्रतिनिधि हुनुपर्छ भनेर मैले स्ववियुको उमेदवारी दर्ता गराएँ । दर्ताको दिनसम्म पनि अघि सर्ने कि नसर्ने भन्ने अन्योलका बीच अनेरास्वयुबाट सचिवको दाबेदार रहे ।

सबै पुरुष साथीहरूबीच म महिलाको प्रतिनिधित्व गर्ने एक्लो दाबेदार थिएँ । विश्वविद्यालयमा स्ववियूको महत्त्वपूर्ण पदमा महिलाको उम्मेदवारीले आफैँमा राम्रो सन्देश दिएको महसुस गरेँ । चुनाव तयारीका लागि जम्मा छ दिन बाँकी थियो ।

म विज्ञानको विद्यार्थी, अन्य सङ्कायका साथीहरू धेरैलाई चिन्दिनँ थिएँ । विज्ञान सङ्कायका अरू डिपार्टमेन्टका साथीसँग पनि चिनजान थिएन । त्यसैले त सङ्कायबीच पनि साझा सर्ट प्रोग्राम हुनुपर्छ भनिएको हो । कसरी यति कम समयमा सबैलाई समेटेर एकै ठाउँमा ल्याउनेजस्तो भयो ।

म खुला रूपमा त्रिवि राजनीतिमा नभिजेको मान्छे । यही कारण पनि कठिन लागेको थियो । तर चुनावी मैदानमा सबैसँग भेट्दै, आफ्नो कुरा राख्दै गएँ । साथीहरूको साथसहयोग र हौसला मिल्दै गयो । अन्य सङ्गठनका साथीहरूको सकारात्मक भाव थियो । प्राध्यापकहरूको सुझाव र मायाले मैले चुनावअगाडि नै चुनाव जितेजस्तो भयो । चुनावी माहोलको विचमा धेरै साथीसँग भेट भयो । धेरै कुरा सिक्ने मौका मिल्यो । नयाँ परिवार पाएँ । छुट्टै परिचय पाएँ । आफ्नो आवाजको नयाँ वजन पाएँ ।

अङ्कगणितीय खेलमा म केही पछि रहेँ तर जित केवल अङ्क मात्र त होइन । मैले त्रिवि परिवारको विश्वास जितेको छु । सद्भाव र माया जितेको छु । अनि विश्वविद्यालयको अर्को चुनावमा सचिव र सभापतिका प्रत्यासीमा धेरै महिला भेट्छौँ कि ! अहिलेलाई आफूले उठाएका कुराको सुनुवाइ होस्, सहज कार्यानवयन होस् । यो यात्रामा म अब खुलेर अघि आउनेछु ।

गत चैत ५ गते हामीले विद्यार्थी युनियनको अधिकारिक टिम पायौँ । विद्यार्थीको प्रतिनिधित्व गर्ने युनियन त्रिविले पाएको छ । सो टिमका सम्पूर्ण प्रतिनिधिलाई हार्दिक बधाई तथा शुभकामना छ । उहाँहरूले गर्ने काम पनि विजय उत्सव बनून् । सबै विद्यार्थीको मन जितून् । सबैका समस्या नेतृत्वसम्म पुगून् र समाधान पनि छिट्टै होस । यो यात्रामा युनियनलाई विद्यार्थीको साथ सहयोग भरपूर रहनेछ ।

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, साभार : रातोपाटी


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३



## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार
## तपाईकै सहर राजविराजमा




आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

सगरमाथा आँखा अस्पताल प्रा.लि.
राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२
**बिरामी जाँचको समय** : बिहान ८:३० देखि ५:०० बजेसम्म

# तपाईले लगाएको कोरोना खोपले कहिलेसम्म काम गर्छ, के फेरि बुस्टर डोज लगाउनुपर्छ ?



डा. शेरबहादुर पुन

तपाईंले कोरोनाविरूद्धको खोप कहिले लगाउनुभयो ? के तपाईंलाई थाहा छ, तपाईले लगाउनुभएको त्यो खोपले कहिलेसम्म काम गर्छ ? अब बुस्टर डोज लगाउनुपर्छ कि पर्दैन ? हो, आजको यो लेखमा यही विषयबारे चर्चा गर्दैछु ।

सामान्यतया:संक्रमण भएपछि वा खोप लगाएको ६ महिनापछि कोरोनाविरूद्धको एन्टिबडीमा ह्रास हुँदै जाने विभिन्न अनुसन्धानहरूले देखाएको छ । नेपालमा अधिकांश मानिसहरूले खोप वा बुस्टर डोज लगाएको ६ महिना बढी भइसकेको छ । अहिले फेरि संक्रमण बढ्दै जाँदा मानिसहरूले खोपको बुस्टर डोज (अतिरिक्त मात्रा) बारे चासो लिएको देखिन्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार पछिल्लो सातायता नेपालमा कोरोना संक्रमण फेरि उकालो लागेको देखिन्छ ।

गत चैत १२ गते एकैदिन १६ जनामा संक्रमण देखिएयता दैनिक संक्रमितको संख्या बढिरहेको छ । चैत ११ गते मात्र ३४ जना नयाँ संक्रमित थपिएका छन् । पछिल्लो समय भारतमा संक्रमण बढेका कारण नेपालमा पनि संक्रमण बढेको देखिन्छ । त्यसैले अहिले मानिसहरू थोरै भए पनि संक्रमणलाई लिएर फेरि सचेत हुन थालेका छन् । कतिले फेरि खोप लगाउनुपर्छ कि पर्दैन भनेर चासो देखाएका छन् ।

हालै मार्च २७ मा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले निरन्तर अतिरिक्त खोपको आवश्यकता सबैलाई नपर्ने सूचना प्रकाशित गरेको छ ।

विकसित देशहरूले अतिरिक्त खोप दिने क्रमलाई निरन्तरता दिँदै गर्दा यस्तो सूचना सार्वजनिक भएको हो ।

डब्लुएचओको प्राविधिक समूहले जेष्ठ नागरिक, दीर्घ रोगी, रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई खोपको अतिरिक्त मात्रा पछिल्लो खोप लगाएको ६ वा १२ महिनाभित्र लगाउन सकिने भनेका छन् ।


नेपाल सरकारले पनि ५५ वर्ष माथिका जेष्ठ नागरिक, स्वास्थ्यकर्मी, गर्भवती, दीर्घ रोगी, रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकालाई पहिलो अतिरिक्त खोप लगाएको ६ महिना भैसकेको भए दोस्रो अतिरिक्त मात्रा लगाउन अनुरोध गरेको छ ।

तर डब्लुएचओको प्राविधिक समूहले युवा तथा स्वस्थ व्यक्तिलाई भने निरन्तर अतिरिक्त खोप आवश्यक नपर्ने जनाएको छ । यो कुरालाई हेर्दा डब्लुएचओले कोरोनाविरूद्धको खोप कहिलेसम्म लगाउने वा कतिसम्म निरन्तरता दिने भन्ने अन्यौललाई सम्बोधन गर्न खोजेको देखिन्छ । यद्यपि खोपसम्बन्धी विभिन्न अनुसन्धान भइरहेकाले आगामी दिनमा यसबारे थप तथ्यहरू प्रकाशित वा सार्वजनिक भने हुने नै छन् ।

केही महिना अगाडि छिमेकी देश चीनमा कडा लकडाउन खुकुलो गरेलगत्तै हजारौं मानिसले कोरोनाको कारण मृत्युवरण गर्नुपरेको थियो । पछि चीन सरकारले उपलब्ध गराएको तथ्यांकले मृत्यु भएकामध्ये धेरै खोप नलगाएका र जेष्ठ नागरिक थिए ।

पछिल्लो समय संख्यात्मक हिसाबले कोरोना कम तथा स्थिर रहे पनि यो भाइरस हामीसँगै रहेको र सायद अझै केही समय निरन्तर रहने हुँदा खोपको पूर्ण मात्रा नलगाएकाहरूले लगाउने र अतिरिक्त मात्रा लगाउनुपर्ने उमेर समूहले खोप लगाउँदा आगामी दिनमा फैलन सक्ने कोरोनाको नयाँ प्रजातिबाट सुरक्षित रहन सकिन्छ ।

२०७९ फागुन ९ गतेसम्मको तथ्यांक अनुसार नेपालको कुल जनसंख्याको ७६.५ प्रतिशत र १२ वर्ष माथिका ९५.७ प्रतिशतले पूर्ण मात्रा खोप लगाएको देखिन्छ । तर अतिरिक्त मात्रा खोप लगाउने संख्या भने २७ प्रतिशत मात्र रहेको देखिन्छ । केही समययता नेपालमा भौतिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, साबुन पानीले हात धुनेजस्ता जनस्वास्थ्यको मापदण्ड पालना गर्न छोडिसकिएको छ । तर पछिल्लो सातादेखि नेपालमा अस्वाभाविक रूपमा संक्रमण फेरि बढ्न थालेकाले यस्ता मापदण्ड कडाइका साथ पालना गर्नुपर्ने देखिन्छ । (लेखक शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिटका संयोजक हुन् ।) साभार : सेतोपाटी



नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. :
पत्र संख्या : ०६९।०८०
प्राप्त पत्र संख्या र मिति:
मिति: २०६९।१२।१२

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

अमारवती यादवनी दर्ता रहेको साविक ........ मौजा रैन ........ हाल तपसिल बमोजिम नापी भएको जग्गा नम्बर संशोधन, ना.प्र.नं. कायम र फोटो टाँस गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. छिन्नमस्ता वार्ड नं. ३ बस्ने श्री झमला देवी यादव को द.नं. १६८२३ मिति २०६८।११।१२ मा निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०६८।१२।१२ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम संशोधन गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| सरवडा | ४ख | २९६ | ०-३-५ | अमारवती यादवनी हुनुपर्ने - झमला देवी याद[illegible] ना.प्र.नं. १६-०१-६८-०३६६[illegible] (सप्तरी) जारी मिति - २०६८-०५-०९ बाबु-शिवलाल, पति-कुशमलाल यादव | |

०६९।१२।१२

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**महदेवा गाउँपालिका, सप्तरी**

# स्थापना दिवसमा रक्तदान

**राजविराज**/सप्तरीमा रगतको अभाव भएको बेला नेपाल पत्रकार महासंघको ६८ औ स्थापना दिवसको अवसरमा शाखा सप्तरीले बिहीबार रक्तादान कार्यक्रमको आयोजना गरि २४ पाउण्ड रगत उपलब्ध गराएको छ।

उपचारका लागी आउने बिरामीहरुलाई रगतको अभाव समस्या बन्ने गरेका बेला पत्रकारहरुले आफ्नो संगठनको स्थापना दिवस रक्तदान कार्यक्रमको आयोजना गरी सो रगत उपलब्ध गराएको हो।

स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल परिसरमा रहेको रक्त संचार केन्द्रमा पत्रकार, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका २४ जनाले रक्तदान गरेका छन।

रक्तदान गर्नेहरुमा नेपाल पत्रकार महासंघका कार्यवाहक अध्यक्ष बैधनाथ यादब, रक्षा चौधरी, जितेन्द्र झा, रामनारायण यादब, कमल मण्डल, रमानन्द देव, दिपेश देव जोशी, संजिव दास रहेका छन।

त्यस्तै जिल्ला प्रहरी कार्यालय सप्तरीका सई प्रराज चौलागाई, सागर मल्ल, अजय चौधरी, जितेन्द्र यादब, सुमन चौलागाई, कौशल पुन, नवराज श्रेष्ठ, रामशरण महतो र शिरोमनि साहले रक्तदान गरेका छन्।

यसैगरि सशस्त्र प्रहरी बलका सई सजित श्रेष्ठ, केवल कार्की, हेमबहादुर सेढाई, कुमार शिवभक्ती, कृष्ण लामा, श्यामकुमार श्रेष्ठ र सुजन बैदवाले रक्तदान गरेको महासघका सचिव रामनारायण बिश्वासले जानकारी दिए।

यसैबीच पुर्व मन्त्री शैलेन्द्र प्रसाद साह र शाखा सप्तरी कार्यवाहक अध्यक्ष बैधनाथ यादबले संयुक्त रूपमा केक काटेर स्थापना दिवस मनाइएको छ।

उक्त अवसरमा नेपाल पत्रकार महासंघका पुर्व अध्यक्ष बैधनाथ झा, मुरली प्रसाद यादब, प्रेस मंचका महासचिव अबधेश झा, प्रेस युनियनका केन्द्रीय सदस्य मिथिलेश यादब, प्रेस मंच सप्तरीका अध्यक्ष भूषण सिंह, शाखा सप्तरी सचिव रामनारायण बिश्वास, कोषाध्यक्ष नवीनकुमार गुप्ता, समाजसेवी हितनारायण लाल दास, बरिष्ठ पत्रकार गणेशलाल देव, संचारकर्मी चन्दन यादब, बिन्दु यादब, प्रियासिंह थारू, कृष्णा मण्डल, परिष कर्ण, रक्त संचार केन्द्र नवीन झा, शैलेन्द्र सिंह लगायतका संचारकर्मीहरुको उपस्थिति रहेको थियो।

## साइकलबाट लडेर बृद्धको ज्यान गयो

**राजविराज**/साइकलबाट लडेर एक बृद्धको ज्यान गएको छ। जयान जानेमा सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ५ का ६९ वर्षिय पदमलाल दास छन्।

प्रहरीका अनुसार उनी मंगलबार राती सोही गाउँपालिकास्थित नहर चौकमा साइकलबाट लडेर नाक र मुखमा चोट लागेर घाईते भएका थिए। घाइते अवस्थामा प्रहरीले उद्दार गरी उनलाई गजेन्द्रनारायण सिह अस्पताल राजविराज पुर्‍याएको थियो।

सोही अस्पतालमा प्रारम्भिक उपचारपछी राती नै थपउपचारका लागी बिराटनगरस्थित बिराटनरसिंह होम अस्पताल पुर्‍याइएको तथा उपचार सूरु भएको केही बेर मै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले जानकारी दिए।

### *जोखिम नलिएसम्म...*

राजधोव समुदायको जातिय देवता लखाय बाबा मन्दिरमा मुर्ती स्थापना सँगै बिधिवत पुजापाठ गर्दै डा. राउतले रिबन काटेर मन्दिरको शुभारम्भ गरेका हुन्। बर्षौको प्रतिक्षापछि भारदहस्थित कंकालनी मन्दिर छेउमा लखाय बाबाको मन्दिर राजधोव समुदायका ब्यक्तिहरुको आर्थिक सहयोगमा निर्माण गरेर मुर्ती स्थापना गरिएको छ।

यसअघि सोही दिन बिहान स्वजातिय महिलाहरुले कोसी ब्यारेजबाट कलश भरेर मन्दिरसम्मको पदयात्रा गरेका थिए।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

अनुरोधकर्ता
रुपनी गाउँपालिका, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## कराँचीमा भएको भागदौडमा नौजना महिलाको मृत्यु

**कराँची**/कराचीस्थित एक कारखानामा खाद्यान्न वितरण गर्ने क्रममा शुक्रबार भएको भागदौडमा १२ जनाको मृत्यु भएको छ। मृतकहरूमा नौजना महिला रहेका छन् भने तीनजना बालबालिका रहेका छन्।

निःशुल्क खाद्यान्न वितरण भइरहेको ठाउँमा एक्कासि भागदौड मच्चिदा उक्त दुर्घटना भएको हो। उद्धार अधिकारी र यस क्षेत्रका प्रहरी अधिकारीका अनुसार उक्त स्थानमा ठूलो भीड जम्मा भएको थियो। कारखानामा पेट्रोल चुहावटका कारण आगलागी भएको हल्ला फैलिएपछि भागदौड मच्चिएको बताइएको छ। घाइतेमध्ये कैयौंको अवस्था गम्भीर छ। एजेन्सी

## युएईबाट अफगानिस्तानलाई चिकित्सा सहायता, खाद्यान्न प्रदान

**काबुल**/अफगानिस्तानका भूकम्प पीडितहरूलाई सहायता प्रदान गर्ने उद्देश्यले संयुक्त अरब इमिरेट्स (युएई) ले प्रकोप पीडितहरूलाई तत्काल चिकित्सा र खाद्य सामग्री पठाएको।

खामा प्रेसले उल्लेख गर अनुसार संयुक्त अरब इमिरेट्सको विदेश मामिला तथा अन्तरराष्ट्रिय सहयोग मन्त्रालयले शुक्रबार अफगान जनतालाई सहयोग उपलब्ध गराउने घोषणा गरेको हो।

"शनिबार युएईले ३८ टन अत्यावश्यक चिकित्सा र खाद्य सामग्री बोकेको एउटा विमान अफगानिस्तान पठाएको छ। यस आपूर्तिले उत्तरपूर्वी अफगानिस्तानमा आएको भूकम्पबाट प्रभावित हजारौं अफगान परिवारहरूलाइ सहयोग पुर्याउने छ," खामा प्रेसले युईए मन्त्रालयलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

विज्ञप्तिमा भनिएको - यी वस्तुहरूको अत्यावश्यक आपूर्तिले महिला, बालबालिका र वृद्धवृद्धाहरू साथै पिछडिएका समूहहरूको लागि तत्काल मानवीय सहायतामा सुधार ल्याउने अपेक्षा गरिएको छ। "यी आपूर्तिहरू प्रदान गर्नु प्राकृतिक प्रकोपबाट प्रभावित देशहरूलाई तत्काल राहत प्रदान गर्न र महिला, बालबालिका र वृद्धहरू जस्ता कमजोर समूहहरूका लागि मानवीय सहयोग बढाउन युएईको स्थायी प्रयासहरूको एक हिस्सा हो," अफगान समाचार एजेन्सीले लेखेको छ।

यस हप्ता अफगानिस्तानमा आएको ६.५ म्याग्निच्युडको भूकम्पले दशजना भन्दा बढीको ज्यान गएको थियो भने थुप्रै घाइते भएका थिए। अफगानिस्तानको बदख्शान, तखार, पन्जशिर र कुनार सहितका ठाउँमा करिब ६६५ घरहरू भूकम्पका कारण क्षतिग्रस्त भएका छन्। एजेन्सी

## मध्यअमेरिकामा आँधीका कारण तीनजनाको जनाको मृत्यु, कैयौं घाइते

**वाशिङ्टन**/मध्यअमेरिकामा शुक्रबार आएको शक्तिशाली तुफानमा परी कम्तीमा तीनजनाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन्।

मौसमविद्ले खतरा जारी रहने चेतावनी दिएका छन्। अमेरिकाका अन्य थुप्रै भागमा आँधीका कारण घर टुक्रा-टुक्रा भई भग्नावशेषमा परिणत भएका छन्। पुलास्की काउन्टीका प्रतिनिधि मेडलिन रोबर्ट्सका अनुसार यस क्षेत्रमा कम्तिमा ५० जना घाइतेलाई अस्पताल भर्ना गरिएको छ।

यसबाहेक व्याने शहरमा दुई व्यक्तिको मृत्यु भएको छ। अर्कान्ससका गभर्नर साराह हकाबी स्यान्डर्सले आपतकालीन अवस्थाको घोषणा गर्दै राज्यको नेशनल गार्डलाई तम्तयार रहन निर्देशन दिएका छन्।

तुफानको असरले गर्दा शुक्रबार राति राज्यभर ७४ हजारभन्दा बढी उपभोक्ता बिजुलीविहीन बनेका थिए। मिसिसिपीमा आएको शक्तिशाली आँधीले कम्तिमा २६ जनाको ज्यान लिएको एक सातापछि टोर्नाडोले यस क्षेत्रमा गम्भीर असर गरेको हो। एजेन्सी

## उत्तराखण्डः केदारनाथ, बद्रीनाथमा भारी हिमपात जारी

**केदारनाथ**/भारतको उत्तराखण्डमा शुक्रबार बिहानैदेखि पहाडी क्षेत्रमा हिमपात भएको छ भने मैदानी क्षेत्रमा पानी परिरहेको परिरहेको छ। केदारनाथ धाममा भारी हिमपातका कारण केदारनाथ धार्मिक यात्राको तयारी पनि प्रभावित भएको छ। यसैबीच उक्त स्थानमा भइरहेको पूर्वाधार निर्माण कार्य केही समयका लागि रोकिएको छ। धार्मिक यात्रा २५ अप्रिलबाट शुरु हुने बताइएको छ। साथै उत्तराखण्डका थुप्रै मैदानी इलाकामा पनि पानी परिरहेको बताइएको छ।

प्रशासनले राज्यमा सावधानीका साथै उद्धार कार्य पनि जारि राखेको छ। मौसममा बदली भएसँगै बद्रीनाथ धाममा पनि हिमपात शुरु भएको छ। बद्रीनाथ मन्दिरको द्वार २७ अप्रिलदेखि खोलिनेछ। बारम्बारको खराब मौसम र कडा चिसोका कारण यात्रा तयारी र गुरुयोजनाको काम प्रभावित भएको अधिकारीहरूले बताएका छन्। वर्षात् हिमपातबाट मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ। एजेन्सी

# फोटोग्राफरहरूको हकहितका लागि सबैमा एकरूपता हुनुपर्नेमा जोड



**राजबिराज**/फोटोग्राफरहरूको पेशागत हकहितका लागि सबैमा एकरूपता हुनुपर्नेमा सहभागीहरूले जोड दिएका छन् ।

शनिवार राजबिराजमा आयोजित फोटोग्राफर संघ सप्तरीको चौथौ वार्षिक साधारण सभाका वक्ताहरुले सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा बरिष्ठ फोटोग्राफर रामबिहारी राउतले फोटोग्राफरको ब्यबसायलाई मर्यादित र एकरूपता बनाउन सबै संगठित हुनुपर्नेमा भन्दै बिस २०२८ मा स्टुडियो खोलेर फोटोग्राफरको रूपमा ५२ बर्षदेखि काम गर्दै आएको बताए । उनले पेशालाई उचाईमा पुऱ्याउन सबै मिलेर एक आपसमा सहयोग र सद्भाव बनाएर काम गर्नु पर्ने तर्क दिए ।

यसैगरी अर्का बरिष्ठ फोटोग्राफर राधेश्याम रमण देवले सानो पुजीबाट पनि ठुलो आम्दानी कमाउन सक्ने ब्यवसाय भएकोले मर्यादित बनाउनुपर्ने बताए । उनले बि.स.२०३४ सालमा राजबिराजमा रमण स्टुडियो खोलेर रिलवाला फोटो खिचेर फोटोग्राफरको रूपमा काम गर्दै आएको सुनाए ।

यस्तै बरिष्ठ फोटोग्राफर जयनारायण राउत र प्रेम श्रेष्ठले यस ब्यवसायलाई समाजमा हेर्ने दृष्टिकोण राम्रो नभएको समानपुर्वक ब्यवहारलाई समाजमा स्थापित गर्न संगठित हुनुपर्नेमा जोड दिए ।

सप्तरी फोटोग्राफर संघका अध्यक्ष पंकज भगतको अध्यक्षतामा आयोजित बार्षिक साधारण सभामा उद्योग बाणिज्य संघका सहकोषाध्यक्ष निर्मल मुन्धडा, पत्रकार चन्दन यादब, फोटोग्राफर कुन्दन मण्डल लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

उक्त अवसरमा बरिष्ठ फोटोग्राफर राधेश्याम रमण देव, रामबिहारी राउत, कृष्णान्न्द देव, जयनारायण राउत, प्रेम श्रेष्ठ, पत्रकार चन्दन यादब लगायतलाई दोसला, प्रमाणपत्रबाट सम्मान गरिएका थिए ।

# बालबालिकाले लाइटर खेलाउँदै गर्दा आगलागि, एक महिला घाइते

**राजविराज**/सप्तरीको दुई स्थानमा आगलगि हुँदा ६ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ भने एक महिला पनि घाइते भएकी छिन् ।

बालबालिकाले लाइटर खेलाउँदै गर्दा आगो सल्केर आगलागि भएको हो । जिल्लाको खडक नगरपालिका ५ खोजपुरमा मंगलबार साँझ ४ बर्षिय बालक गोविन्द साहले जथाभावी ढंगले लाईटर खेलाउँदै गर्दा अचानक आगो सल्केर आगलागि हुँदा तीन लाख मुल्य बराबरको सम्पती जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बालक र घरको समान जोगाउने क्रममा उनको २५ बर्षिया आमा मञ्जु देवी घाइते भएकी छिन । अनुहार पोलिएको उनको स्थानीय पोली क्लिनीकमा उपचार भइरहेको छ ।

हजुरबुवा रामबरण साहको घरमा आएको बेला नाती गोविन्दले लाइटर खेलाउँदै गरेको तर, अभिभावकले निगरानी गर्न नसक्दा त्यस्तो घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहको भनाइ छ ।

आगलागीमा साहको घरका साथै काठ, फर्निचर, खाद्यान्न, लत्ताकपडा र नगद ५० हजार गरी ३ लाखको क्षती भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

यता मंगलवार साँझै राजविराज नगरपालिका १५ देउरी भरुवास्थित बिलेती यादवको घरमा स-साना बालबालिकाले लाईटर खेलाउने क्रममा अचानक सल्केको आगोले फुसको घरका साथै गरगहना, धान, गहु, चामल र भाडाँवर्तन गरी तीन लाख बराबरको सम्पती नष्ट भएको छ ।

दुबै आगलागी स्थानीवासी, प्रहरी र बारुणयन्त्रको मद्दतले २ घण्टको प्रयास पछी नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

गर्मी मौसम सुरुआत संगै चल्ने हावाहुरी तथा आवश्यक सर्तकता अपनाउन नसक्दा जिल्लामा दुई साता यता डेढ दर्जन भन्दा बढी आगलागीका घटना भएका छन । केही घटना विद्युत सर्ट भई देखिए पनि अधिकाँश घटना खाना पकाई सकेपछी चुलो राम्ररी ननिभाउने, बालबालिकाले जथाभावी प्ज्वलनशिल उपकरणबाट खेल्ने, चुरोट विडी खाएर जथाभावी फ्याल्ने, लामखुट्टे धपाउन जथाभावी घुर बाल्ने लगायतका लापरवाहीका कारण भएको पाइएको प्रहरीको भनाइ छ ।

# मन्त्रालयको नाम हेरफेर

**राजविराज**/मधेस प्रदेश सरकारले मन्त्रालयको नाम हेरफेर गरेको छ । प्रदेश सरकार कार्यविभाजन नियमावली-२०७९ को अनुसूचीमा हेरफेर गर्दै प्रदेशका मन्त्रालयको नाम समायोजन गरेका छन् ।

मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्लगायत मन्त्रालयको संख्या ११ नै यथावत् राख्दै मन्त्रालयको नाम हेरफेर तथा समायोजन गरेको हो ।

प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय रहने छन् ।

मधेस प्रदेशमा यसअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत अर्थ मन्त्रालय, गृह तथा सञ्चार मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, खानेपानी तथा ऊर्जा विकास मन्त्रालय, कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय र शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालयसहित ११ वटा मन्त्रालय थिए ।

नाम हेरफेर तथा समायोजन भए पनि प्रमाणीकरण हुन भने बाँकी छ ।

# इट्टाभट्टाको पर्खाल भत्किदा पतिको मृत्यु, पत्निसहित दुई घाइते

**राजविराज**/इट्टाभट्टाको पर्खाल भत्किदा मंगलबार एक भारतीय मजदुरको मृत्यु भएको छ भने घटनामा मृतककी श्रीमतीसहित दुई जना मजदुर गम्भिर घाईते भएका छन् ।

सप्तरीको रुपनी गाउँपालिका वडा नं. २ पिपराहीस्थित जेएसआर इट्टा उद्योगमा मंगलवार विहान ७ बजेतिर इट्टा निकाल्ने क्रममा पर्खाल भत्किदा भारतको पश्चिम बंगाल राज्य कुचविहार ग्राम पंचायत अठरजनी निवासी ४५ वर्षिय अलिम अजिमको मृत्यु भएको हो ।

घटनामा मृतककी २८ वर्षिय पत्नी भुजिन विवी र सोही ठाँउ निवासी २५ वर्षिय जमालरुल हक घाईते भएका छन । दुबै जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीका अनुसार पर्खालले च्यापिएर गम्भीर घाईते भएका उनको गजेन्द्र नारायण सिह अस्पताल राजविराजमा उपचारको क्रममा मृत्यु भएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*